२०७५ असार
बिहीबार
७



# नेपाल

> नेपालमा हाल करिब १ लाख ५० हजार भन्दा बढी लागूऔषध प्रयोगकर्ता रहेको विवरण प्रस्तुत गर्दै यसको नियन्त्रणका लागि कठोररुपमा सरकार प्रस्तुत हुने तयारी गरिरहेको बताउनुभयो।

## लागूऔषधविरुद्धको अन्तर्राष्ट्रिय दिवस शुरू

नेपाल समाचारपत्र

काठमाडौं

सप्ताहव्यापीरुपमा विविध कार्यक्रमको आयोजना गरी लागूऔषध दुरुपयोग एवं ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवस आजदेखि शुरू भएको छ।

सो अवसरमा गृहमन्त्रालयमा आयोजित पत्रकारसँगको साक्षात्कार कार्यक्रममा गृहसचिव प्रेमकुमार राईले आजदेखि असार १२ गतेसम्म विविध कार्यक्रमको आयोजना गरी सप्ताहव्यापीरुपमा संघ, प्रदेश र स्थानीय तहमा यो दिवस मनाइने जानकारी दिनुभयो। लागूऔषधको प्रयोग र ओसारपसार समग्र समाज र राष्ट्रका लागि चुनौती बन्दै गएकाले यसविरुद्ध सबैको साथ र सहयोग आवश्यक रहेको उहाँले जोड दिनुभयो। गृहसचिव राईले हाल वार्षिक ११ प्रतिशतका दरले लागूऔषधका प्रयोगकर्ता बढिरहेको विवरण पेश गर्दै यसलाई यो वर्ष ५ देखि ७ प्रतिशतमा झार्ने लक्ष्यसहित गृहमन्त्रालयले कार्ययोजना बनाएको बताउनुभयो।

कार्यक्रममा गृहमन्त्रालयका सहसचिव नारायणप्रसाद शर्मा दुवाडीले कार्ययोजनासहित सचेतना अभियान सञ्चालन, लागूऔषध नियन्त्रणसम्बन्धी नीति, ऐन, निर्देशिका तर्जुमा तथा परिमार्जन सम्बन्धमा छलफल, अन्तरक्रिया, गाँजा/अफिम फडानी, प्रभातफेरि र सभालगायतका कार्यक्रम आयोजना गरिने जानकारी दिनुभयो।

उहाँले नेपालमा हाल करिब १ लाख ५० हजारभन्दा बढी लागूऔषध प्रयोगकर्ता रहेको विवरण प्रस्तुत गर्दै यसको नियन्त्रणका लागि कठोररुपमा सरकार प्रस्तुत हुने तयारी गरिरहेको बताउनुभयो।

कार्यक्रम दिवसका अवसरमा असार १२ गते गृहमन्त्री रामबहादुर थापा 'बादल'को उपस्थितिमा काठमाडौंमा विशेष कार्यक्रमको आयोजना गरिने जानकारी दिइयो।

लागूऔषधको उत्पादन, ओसारपसार, बिक्री वितरण तथा सेवनलाई प्रभावकारीरुपमा नियन्त्रणका लागि आवश्यक अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा सोको आधारमा नीतिगत तथा कानुनी व्यवस्था परिमार्जन गरी कार्यान्वयन गर्न प्रतिबद्ध रहेको गृहमन्त्रालयले जनाएको छ। यस वर्षको राष्ट्रिय नारा 'स्वस्थ, सबल र समृद्ध नेपालको प्रतिबद्धता : लागूऔषध अपराधविरुद्धको ऐक्यबद्धता' रहेको छ।

## जोखिम न्यूनीकरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

नेपाल समाचारपत्र

काठमाडौं

जोखिमबाट उत्थानशीलता विषयक विपद् जोखिम न्यूनीकरणसम्बन्धी ३ दिने अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौं घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ।

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा कार्यरत विश्वका झन्डै १२ राष्ट्रका २ सय बढी विज्ञ सहभागी सम्मेलन विपद् जोखिम न्यूनीकरणका लागि घोषित विश्वव्यापी कार्य संरचनाका प्राथमिकतालाई क्रमैसँग कार्यान्वयन गर्न कार्ययोजना तयार गर्दै सम्पन्न भएको हो।

गोरखा भूकम्पको २५ वर्षभित्र अर्थात् सन् २०४० भित्र सम्पादन गर्नुपर्ने गरी विपद् जोखिम न्यूनीकरणका नयाँ कार्यक्रमको विकास गरी कामको प्राथमिकीकरण र कार्यन्वयन गर्ने सम्मेलनको जोड रहेको छ।

सम्मेलनले नेपालमा विद्यमान भूकम्प, बाढी पहिरो, आगलागीलगायतका सबैखाले प्रकोपको व्यवस्थापन गर्न नेपाल सरकारको नेतृत्वमा १५ वर्षे थप नयाँ राष्ट्रिय कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ।

विपद्को समयमा खोज, उद्धार, पुनर्निर्माण तथा पुन:स्थापनाको कार्यलाई प्रभावकारी बनाउन सबै गाउँपालिका र नगरपालिकामा स्रोत केन्द्रको स्थापना गर्नुपर्ने र स्थानीय तहमा रहेका विपद् व्यवस्थापन एकाइको प्रभावकारी कार्य सञ्चालन गर्ने कार्य सम्मेलनले प्राथमिकतामा राखेको छ। त्यसका लागि स्थानीय तहको क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने र सबै गाउँपालिका तथा नगरपालिकामा जोखिम संवेदनशील भू-उपयोग योजना बनाउन सहकार्य गरिनेछ।

विपद् जोखिम न्यूनीकरणका लागि नेपालले गरेका प्रयत्न र अभ्यासको प्रशंसा गर्दै सम्मेलनले कम्तिमा ५ प्रतिशत बजेट विपद् जोखिम न्यूनीकरणका लागि विनियोजन गर्न आग्रह गरेको छ। साथै विद्यमान संरचनालाई विपद्बाट जोगाउन सन् २०३५ सम्म नेपालमा रहेका ५० प्रतिशत स्कुल, स्वास्थ्य संस्था तथा सार्वजनिक भवनको प्रबलीकरण गर्ने गरी काम गर्ने सम्मेलनको निश्कर्ष छ।

नेपाल सरकार गृहमन्त्रालयको नेतृत्वमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) ले सम्मेलनको संयुक्त आयोजना गरेका थिए। असार ४ गतेदेखि शुरू भएको सम्मेलनको उद्घाटन गृहमन्त्री रामबहादुर थापाले गर्नुभएको थियो।

सम्मेलनको समापन गर्दै गृहसचिव प्रेमकुमार राईले हालै मात्र पारित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण ऐन र कार्ययोजना कार्यान्वयनमा यो सम्मेलनले निर्देश गरेको कार्ययोजना पूरक हुने बताउनुभयो। केन्द्रदेखि स्थानीय तहसम्म बाध्यात्मकरुपमा लागू गरिने यो ऐनले विपद् जोखिम न्यूनीकरणका काम प्रभावकारी बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्दै उहाँले विपद्सम्बन्धी ऐन पारित हुनु मुलुकका लागि ठूलो उपलब्धि भएको बताउनुभयो। विपद्का कारण समुदायस्तरमा हुन सक्ने क्षतिलाई न्यून गर्न सरकारले ठोस कार्ययोजना बनाउँदै गरेको जानकारी दिँदै उहाँले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण ऐन र कार्ययोजना २०३० सेन्दाई कार्य संरचनासँग अन्तरनिहित रहेको बताउनुभयो।

समापन कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय पुनर्निर्माण प्राधिरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसालले सम्मेलनले सबैखाले विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनमा दिशानिर्देश गरेको बताउनुभयो। नाष्टमा भूकम्प ल्याब खोल्ने कुरा निकै महत्त्वपूर्ण भएको भन्दै उहाँले यसको कार्यान्वयन तत्काल हुने विश्वास व्यक्त गर्नुभयो।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्राडा जीवराज पोखरेल सम्मेलनले आफूहरूलाई ठूलो जिम्मेवारी सुम्पेको बताउनुभयो।

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) का महासचिव डा. आमोदमणि दीक्षितले यो प्रकारको सम्मेलन नेपाल आफैंले आयोजना गर्न उदाहरण पेश गरेको भन्दै सम्मेलनमा उठान भएका विषयबारे रिपोर्ट पेश गर्नुभएको थियो।

## खनाल र राष्ट्रसंघीय पदाधिकारीबीच भेट

नेपाल समाचारपत्र

काठमाडौं

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र संयुक्त राष्ट्रसंघीय उच्च पदस्थ पदाधिकारीबीच अमेरिकाको न्युयोर्कमा शिष्टाचार भेट भएको छ।

संयुक्त राष्ट्रसंघीय प्रहरी प्रमुखहरूको द्वितीय सम्मेलन-२०१८ मा सहभागी हुन त्यहाँ पुगेका बेला खनाल र संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय, राष्ट्रसंघका शान्ति मिसन हेर्ने उपमहासचिव जेइन पियर्रे ल्याक्रोइक्स, कानुनी शासन हेर्ने सहायक महासचिव एलेक्जन्डर जोयूभ तथा राष्ट्रसंघका प्रहरी विभाग प्रमुख प्रहरी सल्लाहकार लुइस कार्लिल्हो, प्रहरी उपप्रमुख साओवेन याङ, राष्ट्रसंघीय प्रहरी भर्ना छनोट महाशाखाका प्रमुख अट एनिगुन, एफपियू कोअर्डिनेटर भिक्टोर हेरनान्डेज, स्याट कोअर्डिनेटर इयास महाडेनलगायतबीच भेट भएको केन्द्रीय प्रहरी कार्यालयले जनाएको छ।



भेटका अवसरमा राष्ट्रसंघीय उच्च पदस्थ पदाधिकारीले नेपालले राष्ट्रसंघलाई पुऱ्याएको योगदानको प्रशंसा गर्नुका साथै आगामी दिनमा सहयोगको निरन्तरता रहने विश्वास व्यक्त गर्नुभएको थियो।

सो अवसरमा प्रहरी महानिरीक्षक खनालले नेपालले लामो समयदेखि संयुक्त राष्ट्रसंघको आह्वानमा द्वन्द्वपछिका विभिन्न संकटग्रस्त मुलुकमा शान्ति स्थापनामा इमान्दारीपूर्वक जिम्मेवारी पूरा गरेको, नेपाल प्रहरीले आफ्ना व्यवसायी, अनुभवी, सीप तथा क्षमतायुक्त प्रहरी कर्मचारीलाई आइपीओ, एफपीओ तथा राष्ट्रसंघको प्रधान कार्यालय तथा फिल्ड मिसनमा खटाएर विश्व शान्ति, द्वन्द्वपछि तहसनहस भएका प्रहरी संगठनको निर्माण एवं पुनर्निर्माण कार्यमा सहयोग गरेको स्मरण गर्नुभयो।

नेपाल प्रहरीको तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम, घरेलु एवं लैंगिक हिंसाका घटनाको न्यूनीकरण र नियन्त्रण, नागरिकको संरक्षण, अन्तर्देशीय अपराध तथा आतंकवाद नियन्त्रण गर्ने कार्यमा पनि सहयोग पुऱ्याएको उल्लेख गर्दै प्रहरी महानिरीक्षक खनालले आगामी दिनमा यस्तो सहयोगको निरन्तरता रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

सो अवसरमा राष्ट्रसंघका पदाधिकारीले संयुक्त राष्ट्रसंघका महासचिवको कार्ययोजनाअनुसार सन् २०२० सम्ममा राष्ट्रसंघमा महिला सहभागितालाई २० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकाले सदस्य राष्ट्रले आ-आफ्नो भर्ना प्रणालीमा तद्अनुरुप मिलाई महिला प्रहरी संख्या बढाउन सुझाव दिनुभएको थियो। यस प्रसंगमा प्रहरी महानिरीक्षक खनालले राष्ट्रसंघको आवश्यकताअनुसार प्रहरी कर्मचारी भर्नामा महिला सहभागिता बढाउने उद्देश्यले सकारात्मक पहल थालिएको र मिसनमा बढीभन्दा बढी महिला सहभागिता गराउने तयारी भएको बताउनुभएको थियो।

नेपालमा फ्रेन्च भाषाको सीपलाई महत्त्व दिई त्यसमा तालिम प्रदान गर्न सुरुआत गरिएका बारे पनि उहाँले जानकारी गराउनुभएको थियो।

प्रहरी महानिरीक्षक खनाल बुधबारदेखि शुरू हुने उक्त सम्मेलनमा सहभागी हुन असार ३ गते अमेरिका प्रस्थान गर्नुभएको थियो।

## अस्थायी शिक्षकको परीक्षा मिति तोकियो

काठमाडौं, (नेस)

पटक-पटक स्थगित हुँदै आएको अस्थायी शिक्षकको परीक्षा मिति तोकिएको छ। यही असार २९ गते निम्न माध्यमिक र माध्यमिक तहको तथा ३० गते प्राथमिक तहको परीक्षा तोकेको हो। शिक्षक सेवा आयोगको हिजो बुधबार बसेको बैठकले सो निर्णय गरेको हो।

विगतको आवेदनलाई आधार मानेर परीक्षा गर्ने निर्णय गरेको हो। परीक्षाका लागि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा गरी २२ हजार ७६ पदका लागि २३ हजार २ सय ८६ अस्थायी शिक्षकको आवेदन परेको थियो। परीक्षाको केन्द्र पहिलाकैअनुसार कायम गरिएको छ। लगातार ४ पटकसम्म स्थगित भएको परीक्षा मन्त्रालयको निर्णयअनुसार गर्न लागिएको हो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी बिकास तथा भवन निर्माण बिभाग
डिभिजन कार्यालय धनुषा

**वोलपत्र रद्ध गर्ने सूचना**

सुचना नं.:-०७०७४/०७५
सुचना प्रकाशन मिति : २०७५।०३।०७

यस डिभिजन कार्यालयबाट विभिन्न मितिहरुमा राष्ट्रिय स्तरको पत्रिकामा वोलपत्र अहवानको सुचना प्रकाशित भएका तपसिलका बोलपत्रहरु स्वास्थ्य मंन्त्रालय/शहरी विकास तथा भवन निर्माण विभागको निर्देशानुशार विशेष कारणवस रद्द गरिएको व्यहोरा सम्बन्धित सबै वोलपत्रदाताहरुलाई जनकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| | |
|---|---|
| ठेक्का नं. | DUDBC/Dhanusha/Work/NCB/10,11,13,14,15,16/074-075 |

**डिभिजन प्रमूख**

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय, धनुषा

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

सुचना नं.०८।०७४।०७५
(प्रथम पटक प्रकाशित मिति २०७५।०३।०७)

यस कार्यालयद्वारा तपसिलका निर्माण कार्यका लागि कारोवार राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७४।१०।२८ मा प्रकाशित वोलपत्र सूचना बमोजिम प्राविधिक प्रस्ताव खोली खरिद ऐन,नियमावली र विड डकुमेन्टमा राखिएका मुल्यांकनका प्रावधानहरुका आधारमा परिक्षण गरी हेर्दा रितपूर्वक प्राप्त भएका सम्पूर्ण सिलबन्दी बोलपत्रहरु मध्ये तपसिलको बोलपत्र दाताको वोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकाले_निजहरुको आर्थिक प्रस्ताव तपसिलका मिति,समय र स्थानमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को ५ को प्रयोजनार्थ सम्पूर्ण सरोकारबालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | आयोजनाको नाम | ठेक्का नं. | सारभूत रुपमा प्रभावग्राही बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|
| १ | DUDBC/Dhanusha/Work/NCB/9/074-75 | Construction of Non-Gatezzed Officer Building, Jaleshwor, Mahottary | १. जेशिका कन्स्ट्रक्सन, क्षिरेश्वरनाथ-११, धनुषा |
| | | | २. ब्राइट/कर्मा जे.भी., बौद्ध-६, काठमाण्डौं |
| | | | ३. धनन्जय/रब्बानी जे.भी., बलाजु काठमाण्डौं |
| | | | ४. रामजानकी निर्माण सेवा प्रा.लि, जनकपुर-१० |
| | | | ५. आश्रय निर्माण सेवा प्रा.लि., बसुन्धारा-३, काठमाण्डौं |
| | | | ६. नमुना/एक्सिस/बी.एम.जे.भी., बिराटनगर-४ |

खोलिने मिति २०७५।३।१४ वजे समय अपरान्ह ०१:०० बजे र स्थान : सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, धनुषा

प्रदिप कुमार सिंह
**डिभिजन प्रमुख**

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : द्रव्य लाभ, शत्रु विजय, खेल-परीक्षामा सफलता प्राप्ति।
**वृष** : गरेका काममा सफलता, सन्तान-सुख, धन प्राप्ति, लाभ।
**मिथुन** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, चिन्ता।
**कर्कट** : द्रव्य लाभ हुने, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**सिंह** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च हुनेछ।
**कन्या** : धनप्राप्ति, कोसेली-पुरस्कार प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**तुला** : अस्वस्थता, इष्टमित्रसँग विवाद, चोटपटकको भय छ।
**वृश्चिक** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**धनु** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक निरोगिता, क्षमता वृद्धि।
**मकर** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि हुनेछ।
**कुम्भ** : रोगको भय, कार्यमा बाधा-व्यवधान, धन हानि, अस्वस्थता।
**मीन** : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।